☏:067-411101
✉: info@paiyunmun.gov.np
✉: paiyungapa@gmail.com
: www.paiyunmun.gov.np

# पैयूँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

हुवास, पर्वत    गण्डकी प्रदेश, नेपाल।

प.सः २०८२/०८३    मिति २०८२/०४/११
च.नं :

गाउँ कार्यपालिकाको कार्यालय पैयूँ गाउँपालिका हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

## घर नक्सापासको लागि सूचिकृत ईन्जिनियरिङ्ग कन्सल्टेन्सी / निजी घर निर्माण गर्ने निर्माणकर्मी /ठेकेदार / 'घ' वर्ग इजाजत पत्र प्राप्त निर्माण व्यवसायीको दर्ता तथा नवीकरण गर्ने सम्बन्धि सूचना !!

यस गाउँपालिका क्षेत्र भित्र घर नक्सापासको लागि घरधनीको तर्फबाट नक्सा तयार गर्ने प्रयोजनका लागि सूचिकृत ईन्जिनियर तथा ईन्जिनियरिङ्ग कन्सल्टेन्सीहरुले २०८३ असार मसान्तसम्म नक्सापास गर्नका लागि तथा नयाँ दर्ता हुन ईच्छुक फर्म/ईन्जिनियरहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिल बमोजिमको कागजपत्र सहित दर्ता तथा नवीकरणका लागि आवेदन गर्नुहुन सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। गाउँपालिकामा दर्ता/नवीकरण नभएका कन्सल्टेन्सी/इन्जिनियर बाट तयार पारिएका घर नक्सा स्वीकृत गरिने छैन। दर्ता हुन आएका आवेदन सूचिकृत गर्ने/नगर्ने अधिकार यस गाउँपालिकामा निहित रहनेछ ।
साथै गाउँपालिकामा दर्ता भएका निजी घर निर्माण गर्ने निर्माणकर्मी / ठेकेदार र 'घ' वर्गको इजाजत पत्र प्राप्त निर्माण व्यवसायीहरुलाई तोकिएको कागजात सहित नवीकरणका लागि आउन यसै सूचना साथ जानकारी गराइन्छ।

**तपसिलः**

१. फर्मको प्रोफाईल
२. फर्म संचालकको बायोडाटा, शैक्षिक प्रमाणपत्र, फोटो, हस्ताक्षरको नमुना
३. ईन्जिनियरको बायोडाटा, शैक्षिक प्रमाणपत्र, फोटो, हस्ताक्षरको नमुना
४. फर्म दर्ताको प्रमाणपत्रहरु, करचुक्ता प्रमाणपत्र
५. फर्मको कर्मचारीको विवरण
६. स्ट्रक्चरल डिजाईन गर्ने ईन्जिनियर भए नेपाल ईन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको ५ बर्ष पुगेको र भवन सम्बन्धि अनुभव भएको वा Structural Engineering/Earthquake Engineering मा स्नातकोत्तर गरेको हुनुपर्ने
७. दर्ता/नवीकरण दस्तुर बुझाएको रसिद
८. गत आ.व. सम्म उक्त फर्मले गरेको बार्षिक कार्य विवरण
९. कबुलियतनामा

..............
(जिवन गैरे)
**प्रमुख प्रशासकीय अधिकृत**